महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख
शिक्षा, युवा तथा खेलकुद शाखा
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या – ०७९/८०
चलानि नं – ८०

मितिः २०७९।०८।१८

वडा कार्यालय १, २, ३, ४, ५ र ६ सबै
महाबु गाउँपालिका दैलेख ।

विषयः वडास्तरमा युवा क्लब गठन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस राष्ट्रिय युवा निति २०७२ तथा युथ भिजन २०२५ को मर्म र भावनालाई आत्मसाथ गर्दै समृद्ध राष्ट्र निर्माणको आधार स्तम्भको रुपमा रहेका नेपाली युवा वर्गको नेतृत्व तथा क्षमता विकास गरि देशको शासन संचालन प्रणाली र सुशासन सम्बन्धमा युवालाई सुसूचित र सशक्तिकरण गर्दै उनिहरुको सर्वाङ्गिन विकासका लागि युवा मैत्रि निति, योजना, कार्यक्रम र प्रथामिकता निर्धारण गर्न युवा लक्षित संसदिय अभ्यासका माध्यमबाट युवा परिचालन गर्ने उद्धेश्यले यस महाबु गाउँपालिका अन्तर्गतका ६ वटै वडामा रहेका १६ देखि २४ वर्ष उमेर समुहका युवा सदस्यहरु लाई वडा स्तरिय युवा क्लब मिति २०७९।०९।०३ गते भित्र युवा क्लब गठन तथा युवा संसद संचालन कार्यविधि २०७५ अनुसार तपसिलमा उल्लेखित प्रकृया अपनाई यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा फाईल पेश गर्नुहुन अनुरोध छ ।

कृष्ण बहादुर वली
शिक्षा अधिकृत

**यस महाबु गाउँपालिका अन्तर्गत गठन भएको क्लब राष्ट्रिय युवा निति २०७२, युथ भिजन २०२५ तथा युवा संसद संचालन कार्यबिधि २०७५ मा ब्यबस्था भए बमोजिम गठन भएको हुनुपर्नेछ।**

१. स्थानिय तहका वडाहरुमा सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको संरक्षकत्वमा युवाक्लब गठन भएको हुनुपर्ने।

२. उपदफा (१) बमोजिम गठन हुने युवा क्लबमा १६ देखि २४ वर्ष उमेर समुहका देहायका युवाहरुलाई सदस्यको रुपमा वडा कार्यपालिकाले मनोनित गरेको हुनुपर्नेछ।

क) प्राथमिकताको समुहका युबाहरु मध्येबाट एक जना

ख) बिशेष प्राथमिकताको समुहका युवाहरु मध्येबाट मध्येबाट एक जना

ग) स्थानिय उद्यमि युवाहरु मध्येबाट एक जना

घ) युवा पत्राकारहरु मध्येबाट एक जना

ङ) स्थानिय खेलाडिहरु मध्येबाट एक जना

च) स्थानिय कलाकारहरु मध्येबाट एक जना

छ) स्थानिय सहकारिमा आबद्ध युवाहरु मध्येबाट एक जना

ज) स्थानिय समुदायमा आधारित संस्थाहरुको प्रतिनिधि युवा एक जना

झ) वडा भित्रका मेधाबि बिद्यार्थीहरुमध्ये बाट एक जना महिला सहित २ जना

ञ) वडा कार्यपालिकाले खुला समुहबाट मनोनित गरेको युवा ५ जना

३. युवाक्लबका सदस्यहरुले अध्यक्ष ,उपाध्यक्ष ,सचिब तथा कोषाध्यक्ष आफुहरू मध्येबाट छनोट गर्नुपर्नेछ। वडाक्लबमा कुल सदस्य संख्याको पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ।

४. वडास्तरिय युवाक्लबको सचिवालय वडा समितिको कार्यालयमा रहनेछ।

महाबु गाउँपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा, गैडावाज, दैलेख, कर्णाली प्रदेश, नेपाल

कृष्ण बहादुर वली
शिक्षा अधिकृत (छैठौं)